# लिखु गाउँपालिका यसम, ओखलढुङ्गा
## कोशी प्रदेश
# स्थानीय राजपत्र
## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- १० | संख्याः-२ | मितिः २०८३/०३/२६ |
|---|---|---|


# भाग-१

नेपालको संविधानको धारा २२२ बमोजिम गठित गाउँसभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रही लिखु गाउँपालिकाको **विनियोजन ऐन, २०८३** लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विनियोजन ऐन, २०८३

**प्रमाणीकरण मितिः२०८३/०३/२६**

**प्रस्तावनाः** लिखु गाउँपालिकाको आर्थिक वर्ष ०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन साथै सो रकम विनियोजन गर्न वाञ्छानीय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी लिखु गाउँपालिकाको गाउँसभाले सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न यो बिधेयक बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम लिखु गाउँपालिकाको “विनियोजन ऐन २०८३” रहेको छ ।

(२) यो **ऐन २०८३ साल श्रावण १ गते** देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ‘‘ऐन’’ भन्नाले लिखु गाउँपालिकाको विनियोजन ऐन,२०८३ सम्झनु पर्दछ ।

(ख) ‘‘कार्यपालिका’’ भन्नाले लिखु गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) ‘‘गाउँपालिका’’ भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ ।

(घ) ‘‘सभा’’ भन्नाले लिखु गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ङ) ‘‘संविधान’’ भन्नाले नेपालको संविधान लाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष ०८३/८४ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः** आर्थिक वर्ष ०८३/८४ को निमित्त कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेखित चालु, पुँजीगत खर्च रकम समेत गरी जम्मा रकम रु. **४१,७५,६२,०००.०० (अक्षेरेपि एकचालिस करोड पचहत्तर लाख बैसठ्ठी हजार मात्र)** नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

४. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०८३/८४ को निमित्त लिखु गाउँ कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने तथा कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले वचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्न, निकासा र खर्च गर्न सकिने छ ।

(४) पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तथा ब्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च तर्फ सार्न

सकिने छैन तर चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक शिर्षकबाट अर्को शिर्षकमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्नु परेमा सभाको स्वीकृती लिनु पर्नेछ ।

**अनुसूची-१**

**दफा (३) सँग सम्बन्धित**

नेपालको संविधान २०७२ को धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम ।

| क्र.सं. | विषयगत क्षेत्र | विनियोजन | | |
|---|---|---|---|---|
| | | चालु | पुँजीगत | कुल रकम |
| १ | पूर्वाधार विकास | १,२०,४०,०००.०० | ४,३३,८५,०००.०० | ५,५४,२५,०००.०० |
| २ | आर्थिक विकास | ५२,००,०००.०० | ०.०० | ५,२०,००००.०० |
| ३ | सामाजिक विकास | २,१९,००,०००.०० | ०.०० | २,१९,००,०००.०० |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | २०,००,०००.०० | ०.०० | २०,००,०००.०० |
| ५ | सुशासन, संस्थागत विकास, प्रशासनिक तथा कार्यालय सञ्चालन | ९,१७,२२,०००.०० | ०.०० | ९,१७,२२,०००.०० |
| ६ | संघीय तथा प्रदेश सशर्त समपुरक विषेश | २०,३०,००,०००.०० | ३,८३,१५,०००.०० | २४,१३,१५,०००.०० |
| **जम्मा** | | **३३,५८,६२,०००.००** | **८,१७,००,०००.००** | **४१,७५,६२,०००.००** |

आज्ञाले
अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८३/०३/२६